महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७

सिलिचोङ गाउँपालिका
संखुवासभा

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं १ र प्रदेश नं २)

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/०७७
च.नं. ५५०

मिति: २०७७।०३।३१

श्री प्रमूखज्यु,
सिलिचोङ गाँउपालिका,
संखुवासभा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

नेपालको र्सविधानको धारा २४१ बमोजिम त्यस काय)पालिकाको आथि)क वष) २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०.२ं बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०.३ं र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण निर्देशनालय
(प्रदेश नं १ र प्रदेश नं २)

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/०७७
च.नं. ५५०

मिति: २०७७।०३।३१

श्री प्रमूखज्यू,
सिलिचोङ गाँउपालिका,
संखुवासभा ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले सिलिचोङ गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३० लाख ४० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख २६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.१० लाख १ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०६/०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना बाईस (२२) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाँउ कार्यपालिका, गाँउपालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

.....
नायब महालेखापरीक्षक
विन्दु विष्ट

सिलिचोङ गाँउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५/०७६

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाँउपालिका स्थापनाको प्रमुख उदेश्य हो । १ नं. प्रदेशमा अवस्थित यस गाँउपालिका अर्न्तगत ५ वडा, २९ सभा सदस्य रहेका छन् । ५०२ व.की.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या ११८१२ रहेको छ ।

स्थानीय सञ्चित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम सिलिचोङ गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

	आयतर्फ			व्ययतर्फ	
सि.नं.	विवरण	रकम	सि.नं.	विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	वित्तीय समानिकरण अनुदान(पुर्वाधार विकास समेत)	१२७७२७६९०.२२
१.१	नगद		२	संघिय सर्शत अनुदान	८४४२५९०५.१०
१.२	वैंक	१४६९२३५७.८१	३	जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.)	१८७६४०००.००
२	आन्तरिक राजश्व	१९७३०५३.१३	४	LGCDEP	३०५०००.००
३	मालपोत रजिष्ट्रेशन (खाँदवारी)	७६५४७.००	५	झोलुंगे पुल क्षेत्रगत कार्यक्रम	६४५२७५.००
४.	संघिय वित्तीय समानिकरण अनुदान	८९४००००.००	६	गरिवसँग विश्वेश्वर कार्यक्रम	३७९०००.००
५	प्रदेश वित्तीय समानिकरण अनुदान	३३१५०००.००	७	प्रधानमन्त्री रोजगार कार्यक्रम	१४६९९२६.००
६	संघिय राजश्व बाँडफाँड	४३६६०७४२.७०	८	धरौटी फिर्ता	१९००००.००
७	प्रदेश राजश्व बाँडफाँड	१५०३८७८.१५	९	विपद् व्यवस्थापन कोष	६०५५७०.००
८	हाम्रो साथि संस्थाबाट सहयोग	१३५४४०४.२५		**मौज्दात**	
९	संघिय सर्शत अनुदान	८४४२५९०५.१०	१०	वैंक मौज्दात	२९८००२९२.८२
१०	पुर्वाधार विकास (प्रदेश)	१५००००००.००	११	धरौटी मौज्दात	४८४८०.००
११	जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.)	१८८१६०००.००	१२	विपद् व्यवस्थापन कोष मौज्दात	३४९४४३०.००
१२	LGCDEP	३०५०००.००			
१३	झोलुंगे पुल क्षेत्रगत कार्यक्रम	६४५२७५.००			
१४	गरिवसँग विश्वेश्वर कार्यक्रम	३७९०००.००			
१५	प्रधानमन्त्री रोजगार कार्यक्रम	१४६९९२६.००			
१६	धरौटी	२३८४८०.००			
१७	विपद् व्यवस्थापन कोष	४१००००००.००			
	जम्मा	**२६७८५५५६९.१४**		**जम्मा**	**२६७८५५५६९.१४**

बजेट उप–शीर्षकः– विभिन्न कार्यालयः–श्री सिलिचोङ गाँउपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्षः २०७५/०७६		
दफा नं	**भौचर, मिति र व्यहोरा**	**बेरुजु रकम**
	लेखापरीक्षणको क्रममा असूलीः लेखापरीक्षणको क्रममा रु.१६४,०००।- असुली भई बेरुजू दाखिला भएको छ ।	

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सिलिचोङ गाँउपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
१.	**बजेट पेश गर्ने तथा पारित गर्ने** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५।०३।३१ गते मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ : ● पूँजीगत तर्फ गाँउपालिकाले यो वर्ष अन्तर्गतका ५ वटा वडामा कुल २०० योजना र गाँउपालिकास्तरीय १३१ योजनामा गरि जम्मा रु.१३ करोड १४ लाख ४७ हजार छुट्याएको छ । ● सशर्त अनुदानमा स्वास्थ्य, शिक्षा, कृषि र पशु विकासको लागि प्राप्त भएको रु.८ करोड, ४४ लाख २५ हजार सोहि शीर्षकमा खर्च हुने गरी व्ययको अनुमान स्वीकृत गरेको छ । ● समग्रमा गाँउपालिकाले रु.२५ करोड, ४३ लाख, ६८ हजारको आय-व्ययको अनुमान गरेको देखिन्छ । चालु खर्च न्युन विनियोजन गरी पुँजी निर्माण प्रकृतिको खर्च वृद्धि गर्ने गरी बजेट विनियोजन गर्नुपर्दछ ।	
२.	**खर्च गर्ने अख्तियारी र कार्यविधि** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०४।०१ मा सभाबाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिनभित्रमा प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराई खर्च गरेको देखियो ।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथ प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्था बिषयलाई समेत समेट्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाँउपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख वा जिल्ला समन्वय समिति प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सिलिचोङ्ग गाँउपालिका कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । कार्यालयले भ्रमण अभिलेख खाता नराखेको, मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, नापी कितावमा चेनेज रहेको स्थान उल्लेख गरी चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, आवश्यकता अनुसार भन्दा बढि भाडामा घरहरु लिई जनप्रतिनिधि एवं कर्मचारीको आवासको रुपमा प्रयोग भैरहेकोले थप व्ययभार परेको, विद्युतिय हाजिरीको प्रयोग नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐनले तोकेको प्रावधान पुरा गरी आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ गर्नुपर्ने देखिन्छ ।	
४.	**जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ मा जिन्सी सामनको श्रेस्ता माहालेखा परिक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा माहालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नुपर्ने व्यवस्था छ । त्यसैगरी नियम ५० मा जिन्सी निरिक्षण गरी प्राप्त भएको प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने मालसामान तीन महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र गरीसक्नुपर्ने व्यवस्था छ । यस कार्यालयबाट खरिद भएको समेत कतिपय सामानको परलमुल्य, स्पेसिफिकेशन, उत्पादन गर्ने देश वा कम्पनीको नाम, साइज, प्रति ईकाइ मुल्य,	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	अनुमानित आयु नखुलेको जस्ता व्यहोरा देखिएको छ । जिन्सी निरीक्षण प्रतिवेदनमा विभिन्न कार्यालयबाट आएका एंव चालु हालतमा नरहेका बेसावुत सामानहरुको समयमा मर्मत एंव लिलाम कार्य अगाडी बढेको देखिएन । अत: आवश्यक विवरण खुलाई तोकिएको ढाँचामा जिन्सी खाता अद्यावधिक गर्ने तथा हतान्तरण गरेको सामानको अभिलेख र परिमाण राख्ने एवं समयमा मर्मत, लिलामको प्रकृया अबलम्बन गरी जिन्सी व्यवस्थापन चुस्त बनाउनु पर्ने देखिएको छ ।	
५.	**खरिद गुरुयोजना र योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ अनुसार १ बर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधि भरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपैँया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । योजनाले तोकेको समयभन्दा ढिलो गरी योजनाको कार्यान्वयन भए नभएको खरिद योजनामा समावेश नगरी कार्यान्वयन गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनुका लागी नियमावलीले परिकल्पना गरे बमोजिमको बार्षिक खरिद गुरुयोजना तयार गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।	
६.	**सेवा प्रवाहको स्थिति:** आर्थिक कार्यविधि ऐन नियममा कार्यालयले गरेको वार्षिक कार्यको आर्थिक तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था स्पष्ट व्यवस्था छ । गाँउपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त भएन । लेखापरीक्षणको क्रममा कार्यालयको प्रशासन फाँटबाट दिइएको जानकारीको आधारमा यस वर्ष गाँउपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ । सेवा प्रवाह लाई राजस्व असुली सँग तालमेल गरी एथार्थ राजस्व सँग भिडे नभिडेको ध्यान दिनुपर्दछ । सेवा प्रवाहको विवरण स्पष्ट गरी अभिलेख अद्यावधिक गर्नुपर्ने देखिएको छ ।	

सि.नं.	विवरण	जम्मा
	पञ्जिकरणतर्फ	
१	जन्म दर्ता	३२०
२	मृत्यू दर्ता	५९
३	बसाईंसराई दर्ता	१९
४	बिबाह दर्ता	१३०
५	सम्बन्धविच्छेद दर्ता	०
	अन्य सिफारिस	
६	घरबाटो सिफारिस	विवरण प्राप्त नभएको
७	नागरीकता सिफारिस	
८	अन्य सिफारीस	
	पूर्वाधार विकास सडक निर्माण	
९	सडक पिसिसि ढलान तथा नाला निर्माण (मि.)	विवरण प्राप्त नभएको
१०	सडक मर्मत सम्भार (कि.मि.)	
११	नयाँ ट्याक खोलिएको (कि.मि)	

७.	**कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यो वर्ष गाँउपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :	

सि.नं.	कानुनको नाम
१	कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि, २०७६

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	२ प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धि कार्यविधि, २०७६ ३ करार कर्मचारी कल्याण कोष सम्बन्धि कार्यविधि, २०७६	
८.	**स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन। साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।	
९.	**प्रगति विवरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका गाँउस्तरीय तथा वडास्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको छैन। बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादाम्यता मिलाई प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक देखिएको छ।	
१०.	**धेरै योजना**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आ.व. २०७५।७६ मा स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र छरिएका देखिएको छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार देहाय वमोजिमको योजनाहरु सम्झौता भइ सम्पन्न भएका छन। योजनाको संख्या धेरै हुँदा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्राविधिक कर्मचारीलाई कार्यसम्पादनमा कठिनाई भई त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ। यस सम्बन्धमा गाउँपालिकाको ध्यान जानुपर्ने देखिएको छ।	

सि.नं.	विवरण	योजना संख्या
१	५० हजार सम्मको	६६
२	५० हजार देखि १ लाख सम्मका	८९
३	१ देखि ५ लाख सम्मका	१३९
४	५ देखि १० लाख सम्मका	१२
५	१० देखि २० लाख सम्मका	१३
६	२० देखि ३० लाख सम्मका	३
७	३० देखि ४० लाख सम्मका	३
८	४० देखि ५० लाख सम्मका	१
९	५० देखि ६० लाख सम्मका	१
१०	६० देखि ७० लाख सम्मका	१
	कुल जम्मा	**३२८**

११.	**स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाँउप्रोफाइल तयार गरेको छ। यस्तो प्रोफाईलको प्रयोग गाउँपालिकाले योजना तर्जुमा, निर्माण, योजना कार्यान्वयन चरणमा प्रयोगमा ल्याएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले त्यस तर्फ ध्यान दिनु पर्दछ।	
१२.	**कार्यक्रम तथा योजना संशोधन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ। गाँउपालिकाको २०७५।०३।३१ गतेको सभावाट स्वीकृत गाँउस्तरिय तथा वडा नं. १ देखि ५ सम्म	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	वडास्तरिय योजना मध्ये कतिपय योजना कार्यपालिकाको निर्णयबाट मर्जर तथा संशोधन गरी कार्यगरेको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण निर्धारण प्रक्रिया उपयुक्त देखिएन । काबुबाहिरको परिस्थिति सिर्जना नभई अघिल्लो सभाले स्वीकृत गरेको योजना कार्यपालिकाको निर्णयले परिवर्तन गर्नु उपर्युक्त होइन । अतः स्वीकृत योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ ।	
१३.	**योजनागत लक्ष्य प्रगति** - कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ । लेखापरीक्षणमा उपलव्ध विवरण अनुसार गाँउपालिकाले यस आ.व. मा वडास्तरियतर्फ २०० योजना तथा गाँउस्तरियतर्फ १३१ योजना समेत कुल ३३१ योजनामा रु.१३ करोड ०१ लाख ४७ हजार बजेट विनियोजन गरेकोमा सो मध्ये रु.९ करोड ८८ लाख ८१ हजार खर्च गरी विभिन्न २५५ योजना सम्पन्न गरेको छ भने रु.२ करोड ९७ लाख ६६ हजार बराबरका ७३ योजनामा आंशिक प्रगति र ३ वटा योजना कार्यान्वयन हुन नसकेको देखिएको छ । यसबाट ७७ प्रतिशत योजना सम्पन्न गरेको र २ प्रतिशत योजनामा कुनै काम हुन नसकि प्रगति शुन्य रहेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा योजना सम्झौतागरी कार्य गर्ने प्रवृत्तीले समयमा कार्यसम्पन्न भएको छैन । कार्यालयले शुन्य प्रगति तथा घटी प्रगति सम्बन्धमा कारण पहिचान गरी लक्ष्य अनुरुपको प्रगति हासिल गर्न अग्रसर हुनुपर्ने देखिन्छ ।	
१४.	**चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वित्तीय समानिकरण अनुदान र सर्शत अनुदान लगायत अन्य शिर्षकमा प्रथम चौमासिकमा १७ प्रतिशत अर्थात रु.३ करोड ७६ लाख ८० हजार, दोस्रो चौमासिकमा २५ प्रतिशत अर्थात रु५ करोड ७४ लाख ९५ हजार र तेश्रो चौमासिकमा ५८ प्रतिशत अर्थात रु.१३ करोड १६ लाख ४१ हजार खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको २६ प्रतिशत अर्थात रु. ५ करोड ९६ लाख ८७ हजार खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । रु.हजारमा	

कार्यक्रम	कुल खर्च	चौमासिक			आषाढको खर्च
		प्रथम	दोश्रो	तेश्रो	
वित्तिय समानिकरण चालु	२०२४६	३२१८	७१०१	९९२७	५९४३
वित्तिय समानिकरण पुजीगत	१०३३८१	३०१९	२०६४५	७९७१७	३८७८८
सर्शत	८४४२५	२५०५८	२३५१८	३५८४९	८८०८
सामाजिक सुरक्षा	१८७६४	६३८५	६२३१	६१४८	६१४८
जम्मा खर्च	**२२६८१६**	**३७६८०**	**५७४९५**	**१३१६४१**	**५९६८७**
खर्च प्रतिशत	**१००**	**१७**	**२५**	**५८**	**२६**

१५.	**कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित २९ दरवन्दी रहेपनि स्थायी पदपूर्ति २ जना मात्र रहेका मध्ये पनि १ काजमा भई २७ पद रिक्त रहेका छन । ति मध्ये ८ जना करारमा राखि कार्य संचालन गरिएको छ । रिक्त पदहरु पदपूर्ति गर्ने तर्फ पहल गर्नु पर्ने देखिन्छ ।	
१६.	**गाउँपालिकाको आन्तरीक आम्दानी तर्फः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ (२) मा स्थानीय तहले उठाएको राजश्व तथा आय बाट प्राप्त हुने रकम आफ्नो सञ्चित कोषमा दखिला गर्नुपर्ने व्यवस्था गरिएको छ । यस गाउँपालिकाले आ.व. २०७५।७६ मा कर, सेवा शुल्क, दस्तुर बाट रु.११५४१५३।०० वार्षिक आम्दामी गर्ने प्रस्ताव पारित गरेकोमा गाउँपालिकाको सञ्चित कोषमा कर, सेवा शुल्क, दस्तुर तथा विविध आय बाट रु.१९७३०५३।०० दाखिला भएको छ । स्रोत पहिचान गरी आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
१७.	**राजश्वको लेखा :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं.१०८ र २३ नराखेको तथा दैनिक	

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सिलिचोङ गाँउपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	राजश्व असूलीको गोश्वारा भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं.१०८ र म.ले.प.फा.नं. २३ राखी राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले बार्षिक रुपमा दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुबाट कर तथा शुल्क बापतका रकमहरु नगदै संकलन गरी बार्षिक रुपमा मात्र दाखिला गर्ने व्यवस्था गरेको हुँदा उक्त आयको बैंक दाखिला नहुने तथा नगद मस्यौट हुने सम्भावना रहन्छ । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । साथै राजश्व लेखामा सूचना प्रविधिको प्रयोग बढाई नगद कारोवारलाई निरुत्साहित गरी बैङ्किङ एवम् सुचना प्रणालीमा आधारीत राजश्व असुली प्रक्रिया अवलम्वन गर्नुपर्ने देखिन्छ ।	
१८.	**रसीद नियन्त्रण खाता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । रसिद नियन्त्रण खाताले आन्तरिक आम्दानीको संकलन, अभिलेखांकन र प्रतिवेदन सम्मको कार्यमा पारदर्शिता कायम गर्दछ । यस गाउँपालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि सो खातामा गत वर्षको रसिद ठेलि के कति बांकि थियो, उक्त रसिद ठेलिहरु यस वर्ष प्रयोग भयो कि भएन भन्ने उललेख छैन । यस वर्ष छपाई भएको रसिद ठेलिहरुको वडाहरुलाई कति वितरण गरियो गाउँपालिका आफैले कति प्रयोग गरेको भन्ने एथार्थ अभिलेख राख्न सकेको छैन । रसिद नियन्त्रण खाताले रसिद ठेलिहरुको आम्दानी, खर्च र बांकिको विवरण प्रस्तुत गनुपर्दछ ।	
१९.	**आम्दानी एकिन गरि दाखिला गर्नुपर्ने:** वडा नं. ५ को कार्यालयलाई वितरण गरिएको नगदि रसिदका ठेलिहरु हालसम्म पनि गाउँपालिकाको राजस्व शाखामा फिर्ता भएको पाईएन । उक्त रसिद ठेलिहरु फिर्ता नभएबाट सो वडामा वर्षमा के केति आम्दानी भएको हो भन्ने अवस्था रहेन । संकलित आम्दानी मध्ये मिति २०७६।०४।१५ गतेका दिन गाउँपालिकाको खाता रहेको राष्ट्रिय बाणिज्य बैंकमा रु.१३४०००।०० दाखिला गरेको भौचर पेश गरेको भएता पनि उक्त वडा कार्यालयबाट वर्ष भरिमा संकलन भएका आयको एकिन गर्न सकिएन । यस सम्बन्धमा आवश्यक छानविन गरि दाखिला गर्न बांकि रहेका राजस्व असुल गरि सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।	
२०.	**राजश्व परामर्श समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ (३) मा राजश्व परामर्श समितको बैठकमा सम्बन्धित क्षेत्रको विज्ञ तथा सरोकारवालाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरेको छ । यस वर्ष राजश्व परामर्श समितिको बैठक जम्मा एक (१) पटक मात्र बसेको देखिन्छ । नगरपालिकाको राजश्व परामर्श समितिले आफ्ना निर्णयहरु प्रभावकारी बनाउन परामर्श समितिको बैठक सञ्चालन कार्यविधि हालसम्म पनि नबनाएको हुँदा कार्यविधि तयार गर्नु पर्दछ ।	
२१.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण सम्वन्धी कानुन बनाएको देखिएन । यो वर्ष संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरी आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था गरेकोमा सोहि अनुसार समयमानै गाउंपालिकाले अनुरोध गरेको देखिन्छ । तर कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवासभाले लाईन आइटम बजेटको मात्र आन्तरिक लेखापरीक्षण गरेको देखिन्छ । गाउंपालिकाबाट विनियोजन भएको सम्पूर्ण खर्च र आम्दानीको आन्तरिक लेखापरीक्षण हुनु पर्दछ । आन्तरिक लेखापरीक्षण सम्वन्धमा ऐनमा भएको व्यवस्था अनुरुप स्पष्ट व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनु पर्दछ ।	
२२.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । गाँउपालिकाले ऐनको व्यवस्था वमोजिम कर्मचारी कल्याणकोष खडा गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सिलिचोङ गाँउपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
२३.	**वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाँउपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाँउक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी निश्चित केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई आदी पर्दछन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।	
२४.	**योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट गाँउी अधिकाशं योजना रु. ५० हजार भन्दा कम र सानासाना टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।	
२५.	**सभाको निर्णय कार्यान्वयन**- सभाको निर्णय कार्यान्वयन गर्न अलग रजिष्टर राखि निर्णय कार्यान्वयन गर्नुपर्दछ । मिति २०७४।०८।२८ मा सम्पन्न गाँउसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्थाको Fallow up Register अभिलेख राखेको छैन । जसले गर्दा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ ।	
२६.	**सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा गाँउपालिका तथा गाँउपालिकाले गाँउ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । गाँउपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विभिन्न मितिमा सम्झौता गरी सिभिल ईन्जिनियर १ र सव-ईन्जिनियर सिभिल १ जना अ.स.ई. ४ जना नियुक्ती गरेको पाइयो । कार्यालयले वित्तीय समानिकरण अनुदानबाट भुक्तानी हुनेगरी ऐनमा भएको व्यवस्था विपरित सेवा करारमा लिई सिभिल ईन्जिनियर, सव ईन्जिनियर, अ.स.ई., कार्यालय सहयोगि लगायत नियुक्ती गरी तलब भत्ता वापतको रु.२८ लाख रकम खर्च गरेको मनासिव देखिएन ।	
२७.	**उपभोक्ता समितिको कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरीका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।	
२८.	**वित्तीय प्रतिवेदन**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSASs) बमोजिम फारामहर मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहमा फाराम विकास जस्कोमा महालेखापरीक्षकबाट स्वीकृत भएको छ । सो अनुसार सिर्जना गरिएका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले मिति २०७२।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको अवस्था छ । जसअनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।	
२९.	**लेखा प्रणाली र विधुतिय लेखाः** यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् :-	
२९.१.	अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं. ५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ ।	
२९.२.	कार्यक्रम खर्च शिर्षकगत खाता नराखेकोले यस गाउँपालिकाले विनियोजन शिर्षक एकिन गर्ने प्रयोजनको खाताहरु नराखेको अवस्था छ । खर्च शिर्षकगत खाता नराखेकाले तोकिएको शीर्षकमा तोकिए बमोजिम खर्च भएको छ भन्ने आधार देखिदैन । तोकिए बमोजिमको ढाँचामा लेखा स्रेस्ता राखिनु पर्दछ ।	
२९.३.	स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ र उपदफा (३) मा त्यसरी बर्गिकरण गर्दा मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गिकरण गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष त्यसरी वर्गिकरण गरी वजेट व्यवस्था गरेको र सोअनुसार आय व्ययको लेखा राखेको देखिएन । तोकिए बमोजिम गर्न पहल गर्नुपर्दछ ।	
	वित्तीय समानिकरण अनुदान चालुतर्फः	
३०.	**स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा गाँउसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. १ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार सिलिचोङ गाँउपालिकाले देहाय बमोजिम रु.३३,७७,४००.०० सुविधावापत भुक्तानी गरेको छ । स्पष्ट कानुनी व्यवस्था बेगर जनप्रतिनिधिको रुपमा स्वयम् सेवा प्रवाह गर्नुपर्ने मान्यता विपरित अधिक सुविधा लिएको मनासिव देखिएन ,	

सि.नं	विवरण	प्रमुख/अध्यक्ष	उपप्रमुख	वडाअध्यक्ष ५ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य १६	जम्मा

दफा नं	भौचर, मिति र व्यहोरा						बेरुजु रकम
						जना	
	१	मासिक सुविधा					
	२	सञ्चार सुबिधा (मासिक दरमा)	२५००	२५००	१००००	६०००	१६०००	३७०००
	३	बैठक भत्ता (बैठक संख्याको आधारमा वार्षिक)	६००००	४८४००	३४८०००	३६२०००	३५७०००	११७५४००
	४	खाजा भत्ता (मासिक)	४०००	३०००	५०००	०	०	१२०००
	५	पुस्तक पत्रपत्रिका (मासिक)	३०००	२५००	७५००	९०००	८०००	३००००
	६	अनुगमन भत्ता (मासिक)	६०००	४५००	७५००	०	१६०००	३४०००
	७	खानेपानी, बिजुली महसुल (मासिक)	१५००	१०००	५०००	०	०	७५००
	८	सरसफाई, मर्मत (मासिक)	२०००	२०००	०	०	०	४०००
	९	अतिथि सत्कार (मासिक)	२०००	२०००	५०००	०	०	९०००
	१०	यातायात खर्च (मासिक)	७०००	५०००	१००००	१२०००	१६०००	५००००
		जम्मा	८८०००	७०९००	३९८०००	३८९०००	४१३०००	१३५८९००
		जम्मा वार्षिक भुक्तानी	**३९६०००**	**३१८४००**	**९४८०००**	**६८६०००**	**१०२९०००**	**३३७७४००**

३१.	**बढी ग्रेड भुक्तानी:** आयुर्वेद शाखा ०१,०७६।६।२१ निजामति सेवा ऐन, २०४९ को दफा ७(ख)२ बमोजिम निजामति कर्मचारीको तलव भुक्तानी गर्दा को.ले.नि.का बाट तलवि प्रतिवेदन पारित गरि सोहिबमोजिम मात्र खर्च लेख्नुपर्नेमा कार्यालयले कविराज परमेश्वर यादवको श्रावण, भाद्र र असोज महिनाको एकमुष्ठ तलव भत्ता भुक्तानी गर्दा रु.७८३ को दरले ग्रेड भुक्तानी गर्नुपर्नेमा रु.१५६६ को दरले भुक्तानी गर्दा ३ महिनाको संचयकोष सहित रु.२५८४ र चाडपर्व खर्च भुक्तानी गर्दाको रु.७८३ गरि बढी भुक्तानी भएको रु.३३६७ असुल गरि संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.....	३३६७.००
	वित्तीय समानीकरण पुजीगत	
३२.	**वडा नं. ५ दिबुङ जोड्ने सडक निर्माण:** सार्वजनिक खरिद नियमावलि, २०६४ को निमय ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै कारणवश सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७(३)क१ मा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले योगदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वडा नं.४ हुँदै वडा नं. ५ दिबुङ जोड्ने सडकको ट्र्याक खोल्ने कार्यमा गरेको खर्चको सम्बन्धमा देखिएको प्रमुख व्यहोराहरु निम्नानुसार छन:	
३२.१.	यस गाउँपालिकाले वडा नं. ४ हुदै वडा नं. ५ दिबुङ जोडुने सडक (चेनेज ३+५१० देखि ७+००५ सम्म) को ट्र्याक ओपनका लागि रु.६८,८८,६००।०० विनियोजिन गरेकोमा सो कार्य गर्नका लागि उपभोक्ता समितिको माध्यमबाट लागत सहभागिता सहित रु.८२,७१,०६३।९२ को लगत ईष्टीमेट बमोजिमको रकममा सम्पन्न गर्ने गरि २०७५।१२।२४ गतेका दिन सम्झौता गरेको छ । सम्झौता मितिकै दिनदेखी लागु हुनेगगरी मिति २०७६।०२।२५ भित्रमा सम्पन्न गर्ने गरि सम्झौता भएकोमा गाउँपालिकाले मिति २०७६।०३।२० मा अन्तिम विलको भुक्तानी दिएको छ । यसरी सम्झौता अवधि भित्र काम सम्पन्न हुन नसक्नुको कारण सहित सम्बन्धित उपभोक्ता समितिले गाउँपालिकालाई सुचना दिएको पाईएन । साथै सम्झौता अवधि सकिसकेपछी पालिकाले भुक्तानी दिएकोले नियमको पालना भएको छैन । नियमको पालना गर्नुपर्दछ ।	
३२.२.	गाउँपालिकाको को बजेट रु.६८,८८,६००।०० र जनश्रमदान बापत रु.१३,८२,४६३।९२ गरि जम्मा रु.८२,७१,०६३।९२ लगत ईष्टीमेट सहित योजना सम्झौता भएकोमा प्रथम रनिङ विल १६२-२०७६/०२/१६ बाट रु.९,४८,७३९।०० र दोस्रो तथा अन्तिम विल १९२-२०७६/०३/२९ बाट रु.४७,५९,४५१।०९ गरि जम्मा रु.५७,०८,१९०।३३ (चेनेज ३+५१० देखी ६+३५५ सम्म) को काम भएको भनी प्राविधिकले कार्यसम्पन्न प्रतिवेदन दिएको छ र सोही आधारमा जनश्रमदान बापतको रकम कट्टी गरि रु.४५,६३,२२०।०० भुक्तानी भएको छ । सम्झौता अनुसारको कामको ६९।०२ प्रतिशत मात्र काम सम्पन्न भएको छ । यसरी जम्मा ६९।०२ प्रतिशत मात्र कार्यप्रगति भएकोमा त्यसैलाई आधार मान्दै कार्यसम्पन्न प्रतिवेदन भनि मुल्याङ्कन गरेको नियम संगत देखिएन ।	

<table>
<tr><th colspan="3">बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सिलिचोङ गाँउपालिकाको कार्यालय, संखुवासभा। आर्थिक वर्ष: २०७५/०७६</th></tr>
<tr><th>दफा नं</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२.३.</td><td>प्राविधिकको लगत ईष्टीमेट र कार्यसम्पन्न विलमा ग्याविन बक्स निर्माणको लागत समेत समाबेश गरिएको छ। सडकको ट्याक ओपनको लागि बजेट विनियोजन गरिएको सोहि शिर्षकमा खर्च हुनुपर्ने देखिन्छ। प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन अनुसार ट्याक ओपनको चेनेज भन्दा बाहिरको चेनेज ३+३०५ देखि ३+४४० सम्मको बाटोमा १०८ घ.मि. ग्याविन बक्स लगाउने कार्य गरेबापत रु.३,६२,१७१।२९ भुक्तानी दिएको नियमसंगत नभएको रु.....</td><td>३६२१७१.२९</td></tr>
<tr><td>३२.४.</td><td>साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले योगदान गर्नुपर्नेमा एकमुष्टमा जनसहभागिताको योगदानलाई मुल्यांकन गरिएको छ। कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३३.</td><td>अधिक मौज्दातमा पाईप खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले कार्य सम्पन्न गरिसकेपछि वील भरपाई अनुसार मुल्यांकन गरी कार्यालयले भुक्तानी दिने व्यवस्था छ। कार्यालयले गो.भौ.नं. र मिति२११-२०७६/०२/३०बाट फुक्थाम खानेपानि आयोजना निर्माण उपभोक्ता समितिलाई रु.१०,००,०००।०० भुक्तानी भएको छ। उक्त आयोजनामा प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन अनुशार खानेपानी पाईप खन्ने तथा पुर्ने काम जम्मा १५८० मिटर मात्र भएको देखाईएकोमा उपभोक्ता समितिको संलग्न विल अनुशार २७०० मिटर खरिद गरेको देखिएको छ र सोहि विल बमोजिमको रकम भुक्तानी भएको छ। यसरी आयोजनाको लागत अनुमान तथा मुल्याङ्कन विल तयार गरि आवश्यकता भन्दा बढी पाईप खरिद गर्ने र भुक्तानी दिने कार्य नियन्त्रण हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>३४.</td><td>बाखा वितरण कार्यक्रमः यस गाउँपालिकाले २०७-२०७६/०२/३० को भौचर बाट पशु विकास कार्यक्रम अर्न्तगत लामापोखरी बाखापालन कृषक समुह वडा नं. ४ लाई रु.१,५०,०००।०० भुक्तानी गरेको छ। उक्त रकम बाट कृषक समुहले निम्नानुसारका बाखाहरु स्थानीय १२ जना व्यक्तिहरुबाट खरिद गरि वितरण गरिएको छ।
<table>
<tr><td colspan="4">खरिद तर्फ</td></tr>
<tr><td>त्र.सं.</td><td>बाखा खरिद संख्या</td><td>खरिद मुल्य प्रति गोटा रु.</td><td>जम्मा लागत</td></tr>
<tr><td>१.</td><td>१</td><td>५०००.००</td><td>५०००.००</td></tr>
<tr><td>२.</td><td>९</td><td>६५००.००</td><td>५८५००.००</td></tr>
<tr><td>३.</td><td>१७</td><td>७०००.००</td><td>११९०००.००</td></tr>
<tr><td>जम्मा</td><td>२७</td><td></td><td>१८२५००.००</td></tr>
</table>
माथि उल्लेखित विवरण अनुशार लामापोखरी बाखापालन कृषक समुहले फरक फरक दरमा बाखा खरिद गरि आफ्ना समुहका सदस्यहरु मध्ये ३ जनालाई प्रति व्यक्ति २ वटाका दरले, ७ जनालाई प्रतिव्यक्ति ३ वटाका दरले वितरण गरेको भर्पाई पेश गरेको छ। यसरी बाखा खरिदमा कुनै मापदण्ड नबनाई खरिद गरेको, समुहका सदस्यहरुलाई एकरुपता कायम नगरी वितरण कार्य गरेको, सम्बन्धित बाखाको तौल उल्लेख नगरी वितरण गरेको हुँदा अनुदान वितरण पारदर्शि छ भन्ने अवस्था नरहेकोले पुष्टिहुने आवश्यक प्रमाण पेश हुनु पर्ने रु.....</td><td>१,५०,०००.००</td></tr>
<tr><td>३५.</td><td>मु.अ.कर दाखिलाः आर्थिक बर्ष २०७६।७७को बजेट भाषण र अर्थ मन्त्रालयको परिपत्र अनुसार मु. अ.कर को ५० प्रतिशतले हुन आउने रकम अग्रिम कर कटटी गरी राजस्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ। यस नगरपालिका कार्यालयले निम्न निर्माण व्यवसायी एवं आपूर्तकहरुलाई मु.अ. कर भुक्तानी दिदा अग्रीम रुपमा कट्टी गरी दाखिला गर्नु पर्ने रु. ३६२४०९.०० दाखिला गरेको देखिएन। अत उक्त रकम राजस्व खातामा दाखिला गरी मु. अ.कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रु...
<table>
<tr><td>भौ.नं. र मिति</td><td>विल विजकको नाम</td><td>विजक नं. मु.अ.कर रकम</td><td>५० प्रतिशतले हुन रकम</td></tr>
<tr><td>१६२-२०७६/०३/२९</td><td>स्मृति निर्माण सेवा, चिचिला गा.पा.–२, संखुवासभा</td><td rowspan="2">५०८५४१.००</td><td rowspan="2">२५४२७०.५०</td></tr>
<tr><td>१६२-२०७६/०३/२९</td><td>स्मृति ट्रेड एण्ड सप्लार्यस, खादबारि–३ संखुवासभा</td></tr>
<tr><td>२०५-२०७६/०२/३०</td><td>मिमोसा निर्माण सेवा, खाद्यबारी–१, संखुवासभा</td><td>२१६२७७/१०</td><td>१०८१३८.५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६२४०९.००</td></tr>
</table></td><td>३६२४०९.००</td></tr>
<tr><td>३६.</td><td>२७४,०७६।३।२३ सिसुवाखोला लघु जलविद्युत आयोजना मर्मत वडा नं २ वाला मा २०६८ सालदेखि ६० किलो बाट विद्युत उत्पादन शुरु भएकोमा विद्युत प्राप्त गर्ने उपभोक्ताको संख्या र क्षेत्र बढेको</td><td></td></tr>
</table>

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सिलिचोङ गाँउपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५/०७६		
दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	कारण साविकमा रहेका उपभोक्ताको संख्यामा विस्तार गरी थप गर्ने कार्यका लागि डिष्टिव्युसन लाईन, हाईटेन्सन लाईन मार्फत ३००० मिटरमा तार टागी विद्युतीकरण गर्ने, ३ फेज लाई (०.०३) र २ फेज ०.०२ क्रमश ३५०७ र ३०० गरी ६५०७ मिटर तार टाङ्ने कार्य र त्यसमा ४ के.भि. को टान्सफरमर खरिद गरी जडान गर्न मोरङ्ग जिल्लाको ०७५।०७६ को दरलाई आधार मानी उपभोक्ता मार्फत कार्य गराउन कुल रु.३६,००,५८२।६० अनुमान गरी कार्य गराएको छ । यस संम्बन्धमा देखिएको व्यहोरा निम्न छन :	
३६.१.	जम्मा ६० किलोबाट विद्युत उत्पादन भएको योजनाका कति उपभोक्ताले साविकमा प्रयोग गरेको थिए र के कति संख्याका उपभोक्तालाई थप गर्न सकिने हो विश्लेषण नगरी गाउपालिकाले यो वर्ष विनियोजन गरेको आधारमा लागत अनुमान र कृयाकलाप संचालन गरेको छ । विभिन्न साईजको ए.सि.एस.आर कन्डकटर लाई साईट स्टोरबाट निर्माण स्थलसम्म ढुवानी गर्ने, अस्थायी स्टेशन खडा गर्न कन्डकटर लाई उचित तरिकाले पोलमा तन्काई आल्मुनियम वाण्डीङ्ग बाध्ने कार्य दर विश्लेषण अनुसार विद्युत प्रशसारण लाईनको लागी प्रति मिटर रु ५३।३३ र विद्युत वितरण लाईनको लागि प्रति मिटर रु ७३ लागत लागेको आधार प्राप्त भएन । जसले गर्दा एउटै पोलबाट लाईन वितरण गर्दा उस्तै प्रकृतिको तार जडान गर्दा लागतमा परेको फरकको कारण प्रति मिटर रु.१९।६७ ले ३५०७ मिटर डिष्ट्रिव्युसनमा बढी भुत्तानी भएको सम्बन्धमा एकिन हुन सकेन ।	
३६.२.	विद्युत टान्सफरमर जस्तो जटील र प्राविधिक विषयको पोल र ट्रान्सफरमर खरिद गर्ने कार्य उपभोक्ता समितिबाट गरिएको छ । उपभोक्ता समितिले मिति २०७६।२।२ को व्लाष्ट राष्ट्रिय दैनिकमा सरकारी लोगो प्रयोग गरी १७,१८,४०२।७६ (म.अ.कर बाहेक) को ८ मिटर अग्लो स्टील पोल थान ४५ समेतका लागी शिलबन्दी दरभाउपत्र प्रकाशन गरेको छ कति वटा सिलबन्दी दरभाउपत्र विक्री र दर्ता भएको हो सो नखुलेको र उपभोक्ता समितिले खरिद गरेको सामानको प्रकाशित सुचना अनुसार खरिद एकाइ र मुल्यांकन समितिबाट गुणस्तर परिक्षण भएको आधार प्राप्त भएन । साथै उपभोक्ता समितिमा खरिद एकाई र मुल्यांकन समिति गठन भएको उल्लेख गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन । नेपाल विद्युत प्राधिकरणबाट ग्रामिण विद्युतिकरणको लागि कुनै योजना भए नभएको एकिन बेगर निर्माण कार्य र खरिद प्रक्रिया अगाडी बढाएको, निजि एवं सामुदायिक क्षेत्रको विद्युत विस्तार कार्यको प्रतिफल सम्बन्धमा गाउँपालिकाले कुनै सम्झौता नगरि विस्तार कार्य अगाडि बढाएको कारण विद्युत विस्तार कार्य पारदर्शि देखिएन ।	
३७.	**२७०-०७६।३।२३ चटेक्मा लघुजलविद्युत योजना:** सिसुवाखोला चटेक्मा लघू जलविद्युत आयोजना निर्माण गर्न ताम्सालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC), ईलाम न.पा., ईलामले सन २०१५ मा सितारा कन्सल्ट प्रा.लि. मार्फत तयार गरेको डिटेल फिजिविलिटी विवरणमा उल्लेख भए अनुसार २९० घर परिवारका लागि ५८ किलोबाट विद्युत उत्पादन गर्न कुल २,४६,९०,४५१।०० मुल्य अभिवृद्धि कर र कन्टिजेन्सी समेत लागत अनुमान गरेको छ । जस अनुसार कुल सिभिल वर्क्स कार्य मुल्य अभिवृद्धी कर बाहेक रु.८१,३७,३८२।०० रहेको छ । उक्त डिटेल फिजिभिलीटी प्रतिवेदनको अनुसुची २ मा उल्लेख भए अनुसार Resource Mobilization शिर्षकमा कुल योजनाको लागतमा AEPC/NRREP नामको संस्थाबाट रु.१,४७,९०,०००।०० व्यहोर्ने र स्थानिय समुदायबाट श्रम स्थानिय सामाग्री र काठ समेत रु.५६,२४,५२५।०० एवंम नगद योगदान रु.४२,७५,९२६।०० व्यहोर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावलली २०६४ को नियम ९७ विपरित कुल लागत अनुमान रु. १ करोड भन्दा बढी भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्न गराउन नहुनेमा प्राविधिक एवम जटिल प्रकृतिको निर्माण कार्य उपभोक्ता समिति मार्फत निर्माण गरेको, निर्माणमा सहभागीता जनाउने पक्षहरु सँग लगानी र प्रतिफल वितरण सम्बन्धमा आधिकारीक सम्झौता वेगर निर्माण कार्य गराएको अन्य निकायले गरेको एवम गर्न लागेको निर्माण कृयाकलापमा सोही निकायको डि.पि.आर. कृयाकलापलाई नै आधार बनाई निर्माण भएको तर यस गाउँपालिकाको लागत सहभागीताको आधार वेगर यो वर्ष रु.३६,१६,८००।०० खर्च लेखेको मनासिब देखिएन ।	
३८.	१९-०७५।७।१६: सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार लागत अनुमान तयार गर्दा जिल्ला दरको आधारमा दर विश्लेषण गर्नुपर्दछ । यस पालिकाले निर्माण योजनाको लागत अनुमान तयार गर्दा दर विश्लेषण गर्नुपर्ने र त्येस्तो दर एथार्थ परक हुनु पर्दछ । यो गाउँपालिकामा निर्माण सामाग्रीको रुपमा ढुङ्गा प्राप्त गर्ने स्थान नजिक रहेको अवस्थामा स्पोट, एउटै दुरी कायम गरि बढी व्यवहार परेको उदाहरणहरु देहाय अनुशार छ । यसरी एथार्थ भन्दा बढी दुरीमा सामाग्री पाउने स्थान कायम गरि लागत अनुमान बढाउने कार्य नियन्त्रण हुनुपर्दछ ।	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

योजनाको नाम	कुल सम्पन्न रकम	गापाको अनुदान	ढुङ्गाको कुल कार्य कुल घ.मी.	दिएको लिड(औषत)	दिनुपर्ने लिड -औषत)	बढी भुत्तानी
पुखुवा पुल देखि चारखोक्मा सम्म बाटो निर्माण	१८००६५।२४	१५००००	४७।१२	५०० मि.	२०० मि.	१००६६
याङ्गदेप देखि याफु जाने ईडखे भिर बाटो मर्मत	१३११२०	१०००००	३३।९०	५००	२००	७२४१

३९.	११० ०७५।१२।२५ वडा नं ४ सामुदायिक स्वास्थ्य ईकाई फर्निचर खरिद वापत जेम्स फर्निचर उद्योग खादबारी (६०२०९०८७) दराज २ टेवल २ गदाबाला कुर्सी २ साधा कुचो १०, स्टेचर १ गरी जम्मा मुल्य अभिवृद्धी कर समेत १,३६,७३०।०० भुत्तानी भएको र अन्य ढुवानी गरेवापत गरी २,००,०००।०० बिल पेश गरेको छ । उपभोक्ता समितिले कुनै लागत नबेहोरेको जनाई रु १८००००।०० भुक्तानी दिएकोमा ति सामानहरु सामुदायिक स्वास्थ्य इकाई एवम गाउपालिकामा दुवै तर्फ दाखिला गरेको एवं हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.	१८००००.००
४०.	१०८ ०७५।१२।२५ वडा नं१ र २ सिसुवाटार प्र.चौ भवन निर्माण गर्न ल.ई. रु.५,८१,११२।७६ लागत अनुमान तयार भई गा.पा. अनुदान रु.४,७५,०००।०० सहित रु.५,७७,७३१।४६ मा सम्पन्न भएको छ । सो कार्य गर्न प्रहरी चौकी सँग कुनै समन्वय नभएको र निर्माण सम्पन्न पछि कुनै आधिकारिक स्विकृत, समर्थन नभएको एवं संघीय कार्यालयको तालुक निकाय सँग कुनै सम्पर्क र औपचारिक सम्बन्ध स्थापना नगरी भुक्तानी दिएको नियमित नदेखिएको रु.	४७५०००.००
४१.	१६३-०७६।२।२१ १२४६६४७ मुर्मिटोल लेगुवा सडक निर्माणका लागि माडतेवा वडा नं ४ मुर्मिटोल लेगुवा सडक निर्माण गर्दा कडा माटो कटिङ १७८।८६ घ.मि. को रु १०१९५१।६३ धेरै कडा ढुङ्गा काट्ने कार्य वापत ७९।०९ घ.मि. को ७८,०८७।५ गरी जम्मा रु.१८००३९।१३ भुत्तानी भएको छ । सोही स्थानमा ढुङ्गा सोलिङ्ग कार्य वापत ८३।४६ घ.मि.को प्रति घ.मी २०२८।७५ ले रु.१,६९,३८०।३४ भुत्तानी भएको छ । ढुङ्गा ब्रेकरले फुटाएको अवस्थामा सोही स्थानमा ढुङ्गा सोलिङ्ग कार्य गर्दा प्रति घन मिटर रु ६०० को दरले ८३।४९ घ.मी. को रु ५००९४ भुत्तानी भएको छ । ब्रेकर लगाई फुटाएको ढुङ्गा के कति परिमाणमा प्रयोग हुन सक्ने हो यकिन नगरी लागत अनुमान र दर विश्लेषण गरेको कारण खर्च यथार्थपरक र मनासिब देखिएन ।	
४२.	८-०७५।६।२३: सार्वजनिक खरिद नियमाली, २०६४ मा सुचना प्रकाशन गर्दा खुलाउनु पर्ने व्यहोरा उल्लेख छ । इश्वर ईन्टरप्राईजेज खांदबारी (६००६४१७) बाट दुई थान (FZS-FIDD) १४९ सि.सि. को २ थान बाईक खरिद वापत रु.५७१८०० भुत्तानी दिएको छ । सुचना प्रकाशन ०७५।५।७ मा सार्वजनिक सुचना मुल्य र सुविधामा छुट सम्बन्धमा कुनै व्यहोरा उल्लेख नभएको कारण क्याटलग विधिको पालना नभएको अवस्था छ । यस्तो अवस्थामा सुधार गरी ब्रोसरमा मुल्य खुलेको र सुविधामैत्री र लागतमा सहुलियत हुने आपूर्तिकर्ता बाट खरिद हुनुपर्दछ ।	
४३.	**विनियोजन दक्षता:** यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन ।	
४३.१.	सिलिचोङ्ग गाउपालिकामा आ.व. ०७५।०७६ को निम्ती गत वर्षको जिम्मेवारी रु १,४६,५२ हजार सशर्त अनुदान बाट शुरुमा प्राप्त रु.९५१०० हजार वितिय समानिकरण अनुदान बाट ८९४०० हजार राजश्व वाडफाडँ बाट प्राप्त रु.४८८९७ हजार प्रदेश सरकार बाट ३३३३ हजार एवम आन्तरिक सुविधाबाट रु ११५४ हजार गरी जम्मा रु.२५ करोड २५ लाख ५९ हजार माग विनियोजना हुन पुगेकोले जम्मा रु.१ करोड १७ हजार विनियोजना नगरी राखेको पाईयो । यसरी उपलब्ध रकमको सिमा निर्धारण भैसकेपछि पनि विनियोजन नगरी कोषमा रकम राख्ने परीपाटीमा सुधार हुनुपर्दछ ।	
४३.२.	पुजीगत खर्च बाट पुजी निर्माण प्रकृतिका कृयाकलापमा मात्र खर्च हुनु पर्दछ । कार्यालयले यो वर्ष औषधी खरिद होमेस्टे सचेतना कार्यमा, पशु, कृषि विभिन्न मर्मत सम्भार लगायत लक्षित एवम सरसफाई कार्यमा जस्ता खर्च समेत समावेश गरेकोले पुँजीगत खर्चले प्रर्याप्त पुँजी निर्माणको प्रतिनिधित्व गर्न सक्ने अवस्था छैन यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।	
४४.	**वास्तविक दुरी भन्दा बढी दुरी कायम गरी उपभोक्ता लाई बढी भुत्तानी दिएको:** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार लागत अनुमान तयार गर्दा जिल्ला दर अनुसार दर विश्लेषण गरी तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिका अर्न्तगत विभिन्न योजना निर्माण गर्दा प्रयोग हुने सामाग्रीको ढुवानी लागत दिदा वास्तविक भन्दा अधिक मात्रामा लिड दिई लागत वृद्धि गरको	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

देखिन्छ । मानिस द्वारा निर्माण हुने कार्यको ढुवानी ढुङ्गा प्रतिकिलोमिटर रु.७१२।१२ रहेकोमा सो को कारणले निर्माण लागत स्वत वृद्धि हुन पुग्दछ । सामान्यतया दर विश्लेषण गर्दा कच्चा सामाग्री पाईने स्थान समेत कैफियतमा उल्लेख गरी लागत गणना गनुपर्नेमा सो अनुसार गणना नगरेको कारण लागत वृद्धि भएको छ । यस्तो अवस्थाको तत्काल अन्त हुनुपर्दछ ।

भौ.न. र मिति	योजनाको नाम	उपभोक्ता समितिको नाम	ढुङ्गा सोलिङ्ग घ.मी	भुत्तानी हुदा कायम औषत गरेको दुरी	वास्तविक औषत दुरी	प्रति घ.मी रु.७१२।५ बढी भुत्तानी रकम रु
०७५।७।१५	सालघारी बाला जाने तेयुङ खेत माझगाउँ बाटो मर्मत योजना	सालघारी वाला आउने तेयुङखेत माझगाउँ बाटो निर्माण उपभोक्ता समिति	७३	६००	२००	२०८०५
१६७ ०७६।२।२१	वडा नं १ सिसुवाखोला डाडाटोल गोरेटो बाटो निर्माण	डाडाटोल गोरेटो बाटो निर्माण योजना	१३७	५००	२००	२९३१०।८६

४५. **उपभोक्ताको योगदानः** सिलिचोङ्ग गाउपालिकाको विकास योजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ को दफा २८(२) मा जनसहभागीता को मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति आयोजना स्थल, उपभोक्ताको क्षमता र गाउँपालिकाले गेरेको नितिको अधिनमा रही १५ प्रतिशत मा कम नहुने गरी नगद, श्रम वा स्थानिय सामाग्री निर्धारण गनुपर्ने व्यवस्था छ । यो वर्ष सो अनुसार १५ प्रतिशत भन्दा घटी लागत सहभागीता भएका योजनाहरु समेत संचालन भएकोले नियमको पालना भएको छैन ।

४६. २-०७५।६।१२ सार्वजनिक स्रोतको प्रयोग निजी फाईदाको लागि हुनु हुदैन । हरियाली कृषि भवन प्लाष्टर गर्ने कार्य वापत रु ३,००,०५० को लागत अनुमान अनुसार रु.२५००००।०० यस गाउँपालिकाले भुत्तानी दिएको छ । उक्त भवन कुन व्यक्तिको जग्गामा तयार भएको हो त्येसको प्रयोग व्यक्तिगत वा सार्वजनिक खुलेको विवरण राखेको छैन । यसरी सार्वजनिक स्रोत प्रयोग गरी निर्माण भएको भवनको लागत गाउ पालिकाले नराखेको कारण जस्ता भवन निर्माणको खर्च स्पष्ट छैन । यसरी व्यक्तिगत जग्गामा तयार भएका भवनको लागि गाउँपालिकाले खर्च गर्ने अवस्था अन्त हुनुपर्दछ ।

४७. १६६ ०७६।२।२१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार भुक्तानी गर्दा रित पुऱ्याई गर्नुपर्ने व्यवस्था छ । जीवनज्योती मावि वडा नं ४ माङतेवा मा खेलकुद मैदान निर्माण कार्य गर्दा देहाय अनुसार एकातर्फ हाड रक र चिजोलिङ्ग भनि देहाय अनुसार खर्च भुत्तानी गरिएको छ भने अर्को तर्फ सोही स्थानमा डाई स्टोन ब्रेष्ट बाल निर्माण गर्दा ढुङ्गा फुटाउने र ट्रान्सपोटेशन वापत प्रति घ.मि. रु ८३४ ले भुत्तानी गरेको पाईयो । यसरी फुटाउन नपर्ने र ढुवानी नलाग्ने स्थानमा यस्तो खर्च दिई उपभोक्ता समितिलाई बढी भुत्तानी दिएको रकम असुल उपर हुनुपर्ने रु. ६६३०३।००

कडा ढुङ्गा कटीङ्ग परिमाण घ.मी.	धेरै कडा ढुङ्गा चिचिलिङ्ग परिमाण	डाई स्टोनवाल निर्माण परिमाण घ.मी	डाई स्टोनवाल निर्माण गर्दा ढुङ्गा फुटाउने ट्रान्सफोटेशन लागत घ.मी	बढी परेको लागत
१८६।२६	२०।११	७९।५	८३४	६६३०३

४८. गाउँपालिकाले सामुदायिक भवन निर्माण गर्दा सामुदायिक स्वामित्वको जग्गामा समुदायले प्रयोग गर्ने सुनिश्चित गरेर मात्र लगानी गर्नुपर्ने र त्येस्तो कृयाकलापको प्रतिफल समेत विचार अनावश्यक संरचना निर्माणमा नियन्त्रण गर्न पर्नेमा गाउँपालिकाले देहायका भवन देहाय अनुसार निजि जग्गामा समेत निर्माण गरि लागत व्यहोरेकोले तत्काल सुधार गरि त्येस्तो निर्माण संचरचना भएको जग्गामा सार्वजनिक स्वामित्वमा ल्याउनुपर्ने देखिन्छ । सामुदायिक भवन निर्माण सम्बन्धि योजनाहरुको विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिल:

क्र. सं.	योजनाको नाम	ठेगाना	कुल लागत	गा.पा.अनुदान रकम	२०७५/०७६ को भूक्तानी रकम
१	याङतापा भवन भुई ढलान योजना	सि.गा.पा. ३	२१५००९.७९	१६८७३३.४२	१६४७५२.००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

२	सिभा सामुदायिक भवन सिलिङ निर्माण	सि.गा.पा. ३	२४०५१५.८९	२००००.००	१९८२००.००
३	स्वतन्त्र पेन्टीकोष चर्च भवन मर्मत	सि.गा.पा. ३	१९१८२८.६५	१००००.००	९८४३५.००
४	साम्तीङ सामुदायिक भवन प्लास्टर योजना	सि.गा.पा. ३	३५६१५८.४०	३००००.००	२९७१५०.००
६	सरस्वती आमा समुह भवन निर्माण	सि.गा.पा. ४	३८७४२२.६४	३००००.००	२९६५६०.००
७	हरियाली कृषि भवन प्लास्टर	सि.गा.पा. ४	३०००५०.९२	२५००००.००	२४८१५०.००

४९. गाउँपालिकाले योजना सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ अनुसार गरिवी हटाउने, रोजगारी सृजना हुने र नागरिकको आय आर्जन वृद्धि हुने कृयाकलापमा सञ्चालन गर्ने र योजनाको प्राथमिकिकरण गर्नुपर्नेमा पहिलो गाउँसभाले संशोधन गरेका योजना कार्यपालिकाले संशोधन गर्ने र कार्यपालिकाले संशोधन गरेका योजना र कार्यक्रम दोस्रो गाउँसभाबाट संशोधन हुने गरेको छ । यसरी वर्षै भरि गाउँसभा योजना संशोधनमा लागि परेको कारण अनावश्यक स्रोत र साधन Engage भएको देखिन्छ । यस सम्बन्धमा देहाय अनुसारका कार्यत्रमहरु उदाहरणको रुपमा उल्लेख गरिएको छ ।

तपसिल:

क्र. सं.	शुरु योजनाको नाम	शुरु योजना विनियोजन रकम रु	दोस्रो गाउँसउभा बाट संशोधित योजनाको नाम	विनियोजन रकम रु
१	जीवनज्योती मा. वि. खेलमैदान निर्माण	२५००००	जीवनज्योती मा. वि. खेलमैदान निर्माण	४०००००
२	आदिवासि जनजाती समाधि स्थल व्यवस्थापन	२५००००	आदिवासि जनजाती समाधि स्थल खानेपानी निर्माण	२५००००.००
३	सिसुवाखोला लघुजलविद्युत तार तथा ट्रान्सफर्मर व्यवस्थापन	२००००००	सिसुवाखोला लघुजलविद्युत स्तरोन्नति तथा विस्तार कार्यक्रम (सिलिचोङ २)	३०००००.००
४	एभरेष्ट बैक स्थापनामा व्यवस्थापन	३०००००	सगरमाथा मा.वि. भवन मर्मत योजना	३००००.००
५	सिसुवाटार प्रहरी चौकी कार्यालय भवन निर्माण साझेदारी कार्यक्रम	५०००००	सिसुवाटार प्रहरी चौकी कार्यालय भवन निर्माण	५००००.००

५०. **पदाधिकारी विद्यालय व्यवस्थापन समितिमा रहेको:-** कार्यपालिकाले गाउँ क्षेत्रको शिक्षा, स्वास्थ्य, खानेपानि, कृषि लगायतको योजना बनाउने कार्यान्वयनको वातावरण तयार गर्ने जस्ता कृयाकलाप संलग्न हुनुपर्दछ । पदाधिकारी आफै त्यस्ता संस्थाको कार्यकारी भुमिकामा बस्न मिल्दैन । तर यस गाउँपालिकाका देहायका पदाधिकारी देहकायको व्यवस्थापन समितिमा समेत रहेको मनासिब देखिएन । पदाधीकारी विद्यालय व्यवस्थापन समितिमा रहि व्यवस्थापन समितिको अध्यक्ष भएको विद्यालयमा योजनाहरुको विवरण तपसिल बमोजिम रहेको छ ।

क्र.सं.	विद्यालयको नाम	योजनाको नाम	कुल लागत	गा.पा.अनुदान रकम	व्यवस्थापन समितिमा संलग्न पदाधिकारीको नाम
१	श्री सगरमाथा मा.वि.	सगरमाथा मा.वि. कम्प्युटर शिक्षा (ल्यापटप खरिद)	१०००००.००	९६९५४०.००	गा.पा अध्यक्ष
		सगरमाथा मा.वि. भवन मर्मत योजना	३६०१०४.५४	३००००.००	गा.पा अध्यक्ष,
		सगरमाथा मा.वि. छात्रबास भवन मर्मत योजना	३६०५६०.६४	३००००.००	गा.पा अध्यक्ष,
२	श्री माहेश्वरी मा. वि.	माहेश्वरी मा. वि. खेलमैदान निर्माण	६५८७८५.७५	५५००००.००	वडा अध्यक्ष

५१. कार्यपालिकाबाट संशोधन (रकमान्तर) भएका योजनाहरुको विवरण तपसिल बमोजिम रहेको छ । गाँउपालिकाले आर्थिक कार्यविधिको पालना गर्दा आवश्यक क्षेत्रमा मात्र रकमान्तर गरि खर्च गर्नुपर्नेमा चालु प्रकृतिका क्रियाकलापतमा समेत देहायअनुसार रकमान्तर गरि खर्च गरेको मनासिव देखिएन ।

क्र. सं.	साविकका योजनाको नाम	रकम रु.	रकमान्तर भएका योजनाको नाम	रकम
१	च्याउ खेती कार्यक्रम र विद्युतिय वायरिङ्ग सम्बन्धि सचेतना कार्यक्रम	१०००००	२ नं. वडा कार्यालय फर्निचर निर्माण, किचन तथा डस्ना, सिरक सामाग्री	१००००.००

दफा नं	भौचर, मिति र व्यहोरा					बेरुजु रकम
				खरिद तथा ढुवानी		
	२	पदाधिकारी तथा कर्मचारी अध्ययन तथा भ्रमण खर्च	१३००००००	याङतापा देखी कोल्वा सडक निर्माण योजना ।	२००००००००	
	३	सिलिचोङ डकुमेन्ट्री निर्माण	६०००००			
	४	ताम्कु सडक सर्भे	६०००००			
	५	थाम डाँडा पर्यटन प्रवर्द्धन भौतिक संरचना निर्माण योजना	५०००००	माक्रुप चिर्खुवा सडक निर्माण योजना	५०००००००	
	६	महिला शसक्तिकरण अन्तरगत स्ट्रेचर खरिद	२०००००	महिला बचत तथा ऋण सहकारी संस्थालाई सोलार खरिद	२०००००००	

५२. साबिकमा जिल्ला शिक्षा कार्यालयबाट विभीन्न विद्यालयहरुलाई २,४,६ र ८ कोठे भवन निर्माण गर्न,विद्यालयका तारबार घेराबार गर्न विगतमा पटक पटक निकासा दिएको र त्यस्तो रकम खर्च भएपछि सम्बन्धित प्राविधिक, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानध्यापक र जिल्ला शिक्षा अधिकारीको दस्ताखत बाट निर्माण सम्पन्न प्रतिवेदनमा हस्ताक्षर गरि कार्यसम्पादन गर्ने गरेकोमा त्येस्तो विवरण जिल्ला शिक्षा कार्यालय बाट लिई दोहोरो नपर्ने गरि गाउँपालिकाले त्यस्ता विद्यालय निर्माणमा विनियोजन र खर्च गर्नुपर्नेमा सो अनुसार नगरेको कारण दोहोरो खर्च हुने सम्भावन देखिन्छ । यो वर्ष यस गाउँपालिका अर्न्तगत निर्माण भएको विवरण देहाय अनुसार छ । सामुदायिक/सरकारी विद्यालयहरुको भवन एवं घेराबारा निर्माण संबन्धि योजनाहरुको विवरण तपसिल बमोजिम रहेको छ :-

तपसिल:

क्र.सं	योजनाको नाम	ठेगाना	कुल लागत	गा.पा.अनुदान रकम	२०७५/०७६ को भूक्तानी रकम
१	जाल्पा आ.वि. खेलमैदान मर्मत	सि.गा.पा. २	३६२५२४.२७	३०००००००	२९७८६०.००
२	बाला मा.वि. भवन मर्मत	सि.गा.पा. २	१२५०८४४.७५	१००००००००	९९६२५०.००
३	माहेश्वरी मा. वि. खेलमैदान निर्माण	सि.गा.पा. ५	६५८७८५.७५	५५०००००	४४८७३०.००
४	जीवनज्योती मा. वि. खेलमैदान निर्माण	सि.गा.पा. ४	४८१०००.००	४०००००००	३९६२५०.००
५	सगरमाथा मा.वि. भवन मर्मत योजना	सि.गा.पा. ३	३६०१०४.५४	३०००००००	२९८१२०.००
६	बालायाम्दाङ्ग माध्यमिक विद्यालय भौतिक संरचना विकास कार्यक्रम	सि.गा.पा. २	५५०६२८.५०	४५०५९०.००	४४८२४०.००
७	सगरमाथा मा.वि. छात्रबास भवन मर्मत योजना	सि.गा.पा. ३	३६०५६०.६४	३०००००००	२९७६२०.००
८	हिमालफेदी आ.वि. बार्दली र सुख्खा पर्खाल निर्माण	सि.गा.पा. ५	३५६९३३.५१	३०००००००	२९८२३०.००
९	सिंहदेवी आ.वि. छानो निर्माण योजना	सि.गा.पा. ५	१७९५५८.४३	१५०००००	१४८१२०.००
१०	वरुण आ.वि. १ कोठे भवन र कुलो निर्माण	सि.गा.पा. ५	६०२७२७.४८	५०००००००	४९७२५०.००
११	कटुञ्जे आ.वि. पर्खाल निर्माण	सि.गा.पा. ४	१२०००२.५६	१०००००००	९८३७०.००
१२	चन्द्र ज्योति आ.वि. छानो मर्मत	सि.गा.पा. ४	१२४०२९.९८	१०००००००	९५२००.००
१३	जनसेवा आ.वि. घेरावार	सि.गा.पा. ४	७९८५१.२०	६६५००.००	६५३८०.००
१४	जनजागृती आ.वि. मर्मत	सि.गा.पा. ४	११९८५५.०३	१०००००००	९८११०.००

५३. **आवश्यक्ता बेगरको खरिद:** सावजनिक खरिद्र ऐन २०६३ को दफा ४ (१) मा सावजनिक निकायले माल सामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेशन, योजना नक्सा, डिजाइन विशेष आवश्यक्ता वा अन्य बिवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	सिकुवा सिचाई योजनाको लागी गो.भौ.न. १७४।२०७६।२।२४ बाट रु.४,००,०००।०० मा HDPE 160 mm को पाईप खरिद गरेकोमा उक्त पईपको कुन ठाउमा प्रयोग गरेको हो वा कहाँ रहेको छ भन्ने प्रमाण नदेखिएकोले उक्त पाईपको अवस्था एकिन गरी सोको प्रमाण सहितको अभिलेख राख्नु पर्ने देखिएको रु.	४००००००।००
५४.	**आवश्यक्ता बेगरको खरिद:** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ (१)मा सार्वजनिक निकायले माल सामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यक्ता वा अन्य बिवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले वडा न.३ का ६ वटा बिधालयका बिधार्थीलाई टिफिन बट्टा बितरणको लागी नं गो.भौ.नं. १७६।२०७५।९।२७ बाट प्रति बट्टा ४४० का दरले ४०० वटा रु.१,७६,०००।०० मा खरिद गरेकोमा ३२२ वटा वट्टा बिधार्थी संख्याको आधारमा बिधालयलाई बुझाएको भरपाई कार्यालयसग रहेको छ भने बाकी ७८ वटा टिफिन बटटा बितरण भएको नदेखिएकोले बितरण गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु.	३०,३६०।००
५५.	**उपभोक्ता समितिको कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा डोजर,रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्नु पर्ने जटील प्रकृतिको कार्य सम्बन्धीत प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमति लिई त्यस्तो मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । त्यसै गरी नियम (१०)मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नु पर्ने तर कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट गराउन नपाइने उल्लेख छ । यस कार्यालयमा आ.व. २०७५।७६ मा सडक बिस्तारका काम उपभोक्ता समितिलाई दिई उपभोक्ताले उक्त काम आफै नगरी निमार्ण कम्पनीलाई दिई निमार्ण कम्पनीले नै जनश्रमदानको अंश समेतको काम गरेको मु.अ.कर बिजक जारी गरी सब कन्ट्राक्टरले नै काम गरेको केही उदाहरण देहाए बमोजिम छन । अत कार्यालयले नियमावलीको प्रक्रिया पुरा गरी उपभोक्ता समितिलाई दिएको काम उपभोक्ता समितिबाट नै गराउन पर्ने र उपभोक्ता आफैले गर्न नसक्ने भए नियमावलीको प्रक्रिया अनुसार बोलपत्रको माध्यमबाट गराउनतर्फ ध्यान दिनु पर्दछ । उपभोक्तालाई दिएका काम निमार्ण ब्यावसायीबाट गराउने कार्य बन्द गर्नु पर्ने देखिन्छ । योजनाको नाम | निर्माण ब्यावसायीको नाम | श्रमदान सहितको बिल रकम साम्तिङ नागीडाडा सडक मोटरबाटो | स्मृती निर्माण सेवा | २१,५७,०९०।००	
५६.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(१) मा सार्वजनिक निकायले खरिदको लागी आवश्यक बजेट ब्यवस्था नभई खरिद कारवाही शुरु गर्नु हुदैन भन्ने ब्यवस्था गरेको छ । यस गाउँपालिका कार्यालयले तपसिलका योजनामा बजेटको सुनिश्चिता बेगर डि.पी.आर. तयार गरी खर्च लेखेको देखिन्छ । यसरी बजेटको अवस्था एकिन नगरी कार्यालयले गरेको खर्चलाई वास्तविक खर्च मान्न सकिने आधार देखिएन । अत कार्यालयले बजेटको एकिन नभई गरिने कार्य नियन्त्रण गर्नु पर्ने देखिन्छ । सि.न. | योजनाको नाम | सर्भे रकम १ | बुम्लिङ्ग बुधबारे डि.पी. आर सडक योजना | ९,६६,१५०।०० २ | दोभान ताम्कु सडक डि.पी. आर डसक योजना | १४,५७,०००।००	
	कृषि तथा पशु विकास तर्फ	
५७.	**साना सिंचाई कार्यक्रम:** गो.भौ.नं.१४, मिति ०७६/०२/२३ बाट लिवा सिंचाई आयोजना सिलिचोङ-३ लाई साना सिंचाई कार्याक्रम अर्न्तगत रु.१,५०,०००।०० भुक्तानी गरेको छ । उक्त भुक्तानिको सम्बन्धमा प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन अनुशार पाईप खरिद शिर्षकमा40mm Diameter's HDEP pipe/6kg को प्रतिमिटर १३१।२२ को दरले ८०० मिटर रु.१,०४,९८०।०० खर्च भएको मुल्याङ्कन देखाई भुक्तानी भएको छ । लिवा सिंचाई आयोजना उपभोक्ता समितिले खाद्यबारी बाट ८०० मिटर प्रति मिटर रु.१००।०५ दरले ८०००४।०० खरिद गरेको विल पेश गरेको छ । खाद्यबारी बाट आयोजना स्थल सम्मको ढुवानी खर्च ८०० मिटरको जिल्ला दररेट अनुसार प्रतिमिटर १३।४२दरले रु.१०७३६।०० हुन आउछ । यसरी पाईप खरिद र ढुवानी खर्च समेत जोड्दा जम्मा रु.९०७४०।०० मात्र मुल्याङ्कन गरि भुक्तानी दिनुपर्नेमा बढी खर्च मुल्याङ्कन गरि भुक्तानी दिईएको रकम रु.१४२४०।०० अनियमित देखिएको रु.	१४२४०.००
	स्थास्थ्य तर्फ	
५८.	**अभिलेख व्यवस्थापन :** स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७५।७६ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन ध्यान दिनुपर्ने देखिन्छ ।	
५९.	**औषधीको प्राप्ति भण्डार र वितरण:** यस वर्ष नगरपालिका ले सशर्त अनुदानको एकिकृत स्वास्थ्य कार्यक्रम अर्न्तगत निशुल्क वितरण गर्नुपर्ने औषधि खरिद नगरि गत वर्षको मौज्दात र जिल्ला जनस्वास्थ्या कार्यालयले हस्तान्तरण गरेको औषधीले नै माग तथा वितरणलाई व्यवस्थापन गरेको छ । औषधीको भण्डार शाखाको निरीक्षण गर्दा निशुल्क रुपमा वितरण गरिने सबै प्रकारका औषधी स्टोरमा रहेको पाईएन । खर्चको मितव्यीताको अवधारणालाई आत्मासाथ गरिदै गर्दा विरामिहरुको माग र आवश्यकता बमोजिम समयमै निशुल्क औषधी प्राप्त गर्न पाउने अधिकार प्रति पनि सचेत हुनु पर्दछ । अधिक मौज्दात र कम मौज्दातको अवस्थालाई निरुत्साहित गर्नुपर्दछ । धैरै प्रकारको औषधीहरु Expire हुने अवस्था रहेको पाईएको तथा कार्यालयमा रहेको सर्जिकल सामाग्रीहरुको उचित संरक्षण र प्रयोग नभएको पाईएको हुँदा यस तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
६०.	आमा सुरक्षा कार्यक्रम अर्न्तगत गो.भौ.नं. र मिति २५-२०७६/०३/०९ बाट श्री ताम्कु स्वास्थ्य चौकि, सिलिचोङ-३ लाई रु.१,२२,८००।०० भुक्तानी दिएकोमा २६ जनालाई सुत्केरी महिलाले पाउने प्रोत्साहन भत्ता, २४ जनालाई चार पटक सम्म स्वास्थ्य जाँच गराए बापत पाउने भत्ता, २६ जनालाई सुत्केरी गराए बापत स्वास्थ्य चौकिले पाउने प्रोत्साहन भत्ता र २ जनाको जटिल प्रकृतिको सुत्केरी गराए बापत पाउने भत्ता समेत संलग्न छ । उक्त भुक्तानीमा जटिल प्रकृतिको सुत्केरी २ जना गराएको भनि प्रति सुत्केरी रु.६०००।०० को दरले १२०००।०० समेत भुक्तानी भएको छ । सुत्केरीको जटिलताको प्रकृति र नाम नामेसि प्रमाणित गर्ने कागजात संलग्न नभएको हुँदा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	१२०००.००
	शिक्षातर्फ	
६१.	**विद्यालयगत निकासा खाता:** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी र दरवन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता राखेको देखिएन । विद्यालयहरुलाई प्रथम दोश्रो र तेश्रो गरी तलव भत्ता स्वरुप जाने निकासाहरुको कम्प्यूटर सफ्टवेयरबाट अभिलेख राखेको भएतापनि विभिन्न कारणले चौमासिक छुट निकासा तथा सबै अनुदान र अन्य निकासा हुने सबै अनुदानहरु सफ्टवेयरबाट देखाउने गरेको देखिएन । यसरी छुट निकासा तथा सबै अनुदानहरु सफ्टवेयरमा नदेखाउने भएकोले थप निकासाका रुपमा जाने तलव भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत रुपमा गएको निकासा रकमको स्थिती स्पष्ट हुन सकेन । विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख राख्नु पर्ने देखिन्छ ।	
६२.	**दरबन्दी मिलान:** शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस गाउपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयलेले उपलब्ध गराएको विवरण अनुसार प्रावि. नि.मा.वि. मा.बि. मा राहत समेत गरी जम्मा १४७ जना दरवन्दी मौज्दात देखिएता पनि गाउपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको, अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अत: यसरी दरवन्दी मिलान वेगर गाउँपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था देखिएन ।	
६३.	**बिद्यार्थी अनुपात:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । विद्यालयहरुको प्राप्त तथ्यांक अनुसार यस गाँउपालिका क्षेत्रभित्र ३७ विद्यालय, १४७ शिक्षक र २६०३ विद्यार्थीहरु रहेको देखियो । समग्रमा हेर्दा १ शिक्षक वरावर १८ विद्यार्थीहरु रहे पनि इकाईगत रुपमा कतिपय विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १० भन्दा कम रहेको देखिन्छ । गाउँपालिका कार्यालयले आफनो क्षेत्रभित्र बिधालयहरुको अनुगमन गरी बिधार्थी अनुसार शिक्षक दरबन्दी मिलान गरेको देखिएन । अनुपात कम देखिएका केही उदाहरणहरु देहाय अनुसार रहेको छ ।	

विद्यालय	शिक्षक संख्या	विद्यार्थी संख्या	अनुपात
शिवसक्ति आ.बि.काम्पेक	२	७	३.५
बिधाश्वरी आ.बि. सल्लेरी	१	८	८
बुद्र आ.बि दाङ्गसीला	३	२१	७
संखुवा आ.बि	३	१५	५

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	सिंहदेबी आ.बि याडदेन ‖ १ ‖ २ ‖ २ महेश्वरी आ.बि कोल्चा ‖ ३ ‖ २७ ‖ ९	
६४.	**तलबी प्रतिबेदन पारित नगरेको:** शिक्षा नियमावली, २०५९ अनुसार गाउपालिकामा कायम रहेका विद्यालयहरुमा कार्यरत सम्पूर्ण शिक्षकहरुको तलवी प्रतिवेदन विद्यालय शिक्षक कितावखानाबाट पारित गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिकामा कायम रहेका ३७ वटा विद्यालयमा कार्यरत १४७ शिक्षकको आ.व. २०७५।७६ को तलवी प्रतिवेदन पारित गरेको नदेखिएकोले कार्यालयले विद्यालयगत रुपम निकासा दिएको रकम वास्तविक निकासा दिनु पर्ने हो होइन भनी एकिन गर्न सकिने अवस्था देखिएन ।	
६५.	कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा भएको व्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निधारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्ष तथा मानवस्रोत केन्द्र पठाउने बयवस्था छ । यस सिलिचोङ्ग गाउपालिकाले आ.व. २०७५।७६ अनुदान दिएका केही उदाहरण निम्न छन । अत बिधालयमा कार्यक्रम वापत दिएका अनुदान रकमको कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन नगरेकोले बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भन्ने बिश्वस्त हुने आधार देखिएन । गाउपालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी कार्यक्रम कार्यान्वयन गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । **सि.न. ‖ कार्याक्रमको नाम ‖ बिधालयको नाम ‖ रकम** १ ‖ बिज्ञान प्रयोगशाला निर्माण ‖ जिवनज्योती मा. बि मातेवा ‖ ६५००००।०० २ ‖ आइ.सि.टी प्रयोगशाला निर्माण ‖ महेश्वरी मा.बि याफु ‖ ६५००००।०० ३ ‖ पुस्तकालय स्थापना ‖ वाला मा.बि. वाला ‖ ६५००००।०० ४ ‖ प्राबिधिक धार अनुदान ‖ सगरमाथा मा.बि.पाखरी. ‖ २७,९२,०००।०० [illegible] ‖ [illegible]०,०००।००	
६६.	कार्यक्रम कार्यान्यन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७७० मा उल्लेख गरे बमोजिम बुक कर्नर ब्यवस्थापन गर्न कक्षा १-५ को लागी १,९६,५००।०० कक्षा ६-१० को लागी १,४७,८००।०० र कक्षा ११-१२ को लागी ८४,०००।०। गरी जम्मा रु ४,२८,३००।०० अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन । अत कार्यालयले विद्यालयको लेखापरीक्षण प्रतिवेदन समेत लिई अनुगगमन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
६७.	**पाठ्य पुस्तक खर्च:** यस गाउपालिका कार्यालयले ३७ वटा बिधालयमा पाटयपुस्तक खरिदका लागी गत आर्थिक वर्षको बिधार्थी सख्याका अधारमा ७५ प्रतिशतले हुन आउने ६८७८८५।००निकासा दिएकोमा २५ वटा बिधालयलले मात्र आ.व. २०७५।७६ को बिधार्थीको बिवरण र पुस्तक खरिद्रको बिल पेश गरी बांकी रकम निकासा लिएको देखिन्छ भने बाकी १२ बटा बिधालयले निकासा दिएको रु.५१,४९६।०० रकम बराबरको बिधार्थी बिवरण र पुस्तक खरिदको बिल समेत पेश गरेको नदेखिएकोले उक्त बांकी बिधालयले बिधार्थी बिवरण र बिल भरपाई पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.	५१४९६।००
६८.	**शिक्षण सहयोग:** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा भएको कृयाकलाप न.२.१५.११.६३६ को ब्यवस्था अनुसार साबिक जि.शि.का बाट अनुमति प्राप्त सामुदायिक बिधालयमा शिक्षक ब्यवस्थापनको लागी चालु शैक्षिक सत्र २०७५।७६ मा कृयाकलाप संचालन गर्न निम्न बिधालयहरुलाई मिति २०७६।३।३० मा रु.७३२,०००।०० अनुदान दिएकोमा उक्त बिधालयहरुले पुस्तिकामा भएको ब्यवस्था बमोजिम कार्यक्रम सञ्चालन गरे नगरेको बारे गाउँपालिकाबाट अनुगमन समेत गरेको देखिएन । अत कार्यान्वयन पुस्तिकामा उल्लेख गरे बमोजिमको कार्य गरेको प्रमाण पेश गर्नु पर्ने रु. सि.न. ‖ बिधालयको नाम ‖ अनुदान रकम २ ‖ वाला मा.बि.वाला ‖ ३,६६,०००।०० ३ ‖ कालिका मा.बि.नेवाटार ‖ ३६६०००।०० ‖ जम्मा ‖ ७,३२,०००।००	७३२०००।००
	सामाजिक सुरक्षातर्फ	
	सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस गाउपालिकाले आर्थिक बर्ष २०७५।७६ मा ५ वडाका १११४ जनालाई रु १,८७,६४,०००।०० खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन:-	
६९.	**अभिलेख व्यवस्था:** सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १३ मा नाम दर्ता र	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	नविकरणबाट आगामी आर्थिक बर्षका लागी कायम हुन आएका लाभग्राहीको बिवरण प्रत्येक स्थानिय निकायले फागुन मसान्त भित्र बिभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली (एम आइ एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्ने छ । यसरी प्रविष्टि गर्ने कार्य समान्यत सम्बनिधत वडा कार्यालयको हुने छ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानिय तहले आवश्यक व्यवस्था गर्ने छ भन्ने उल्लेख गरेको छ । यस गाउँपालिका कार्यालय अन्तरगत रहेका ५ वटा वडा कार्यालयको अभिलेख अनुसार प्राय जसो ज्येष्ठ नागरिक तथा अन्य लाभग्राहीहरुको नाम प्रविष्टि आर्थिक बर्ष २०७५।७६ मा गरेको र उल्लेखित व्यक्तिहरुलाई नै यसै आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता रकम बितरण गरेको देखिन्छ । यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाईराखेका लाभग्रहीको नामावली कार्यबिधि अनुसार एम.आइ.एस. मा प्रबिष्टि गरेको नदेखिएकोले सामाजिक सुरक्षा भत्ता वापत बितरण गरेको रकम वास्तबिक लाभग्राहीलाई बितरण गरेको हो वा होईन भन्न सकिने आधार देखिएन । यस सम्बन्धमा गाउपालिकाका कार्यालयले वास्तविक लाभग्राहीहरुको बिवरण एकिन गरी एम.आइ.एस. मा प्रविष्टि गरेर मात्र भत्ता बितरण गर्नु पर्दछ ।	
७०.	**अनुगमन नभएको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २८ मा उप प्रमुख तथा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षाभत्ता बितरणको नामदर्ता, नबिकरण, भत्ताबितरण, लाभग्राहीसंग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनुवाई प्रतिबेदन अध्ययन गर्ने, सुझाव कार्यान्यन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न, कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागी सिफारिस गर्न र सही व्यक्तिलाइ सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी गर्नु पर्ने बिषयमा सुझाब दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिक प्रतिबेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले समाजिक सुरक्षा वापत ९१३ जनालाई रु.१,८७,६४,०००।००बितरण गरेकोमा कार्यबिधिले उल्लेख गरे बमोजिमको व्यवस्था गरे अनुसार अनुशरण गरेको देखिएन । अत कार्यालयले बितरण गरेको रकम सही रुपमा बितरण गरेको छ भन्ने बिश्वस्त हुन सक्ने अनुगमन प्रतिबेदन पेश गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
७१.	**बैक मार्फत भत्ता बितरण नगरेको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृती बिना हातहातै नगद भत्ता बितरण गर्न पाइने छैन भन्ने व्यवस्था छ । यस कार्यालयले १११४ जनाको रु १,८७,६४,०००।०० ल्याप्चे सही छाप गराई बितरण गरेको देखियो । सामाजिक सुरक्षा कार्यक्रमको सार्वजनिक समिक्षा नगरेको र तोकेको प्रत्रिया पालना नभएको स्थिति छ । अत यस गाउपालिका कार्यालयले कार्याबिधिमा उल्लेख भएको व्यवस्था अनुसार बैकं मार्फत सामाजिक सुरक्षा रकम बितरण गर्नु पर्दछ ।	
७२.	**सामाजिक सुरक्षाको रकम अर्कोले बुझेको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(ख) मा भत्ता बितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नु पर्ने वा निजको व्यक्तिगत नाममा बैकमा खोलिएको सामाजिक सुरक्षा बिशेष खातामा उल्लेखित म्याद भित्र जम्मा गरि दिनु पर्ने र अन्य व्यक्तिलाई बितरण गरेको पाईएमा यसरी बितरण गर्ने र रकम बुझ्ने दुबैलाई प्रचलित कानुन बमोजिम कारवाही हुने व्यवस्था छ । यस गाउँपालिकामा सामाजिक सुरक्षा भता बितरण गर्दा सबै वडामा प्रथम दोस्रो र तेस्रो किस्ता वितरण गर्दा आफन्त एवंम नातेदार र चिनजानका व्यक्ति मार्फत समेत वितरण भएको देखिएकोले कार्यबिधिले गरेको व्यवस्था अनुसार सामाजिक सुरक्षा भत्ता बितरण गर्नु तर्फ ध्यान दिनु पर्दछ ।	
७३.	**भत्ता बितरण :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(क) मा सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, असोज १ गतेबाट दोस्रो हप्ता भित्र, दोस्रो किस्ता माघ १ गतेबाट दोस्रो हप्ता भित्र र तेस्रोकिस्ता जेठ १ गतेबाट दोस्रो हप्ता भित्र वितरण गरि सक्नु पर्ने व्यवस्था छ । अत कार्यविधिले निर्देशन गरे पनि कार्यालयले वितरणको लागी सामाजिक सुरक्षा रकम उक्त अवधिभित्र निकासा दिएको नदेखिएकोले तोकिएको समय भित्र सामाजिक सुरक्षा रकम वितरण गरेको पाइएन । गाउँपालिका कार्यालयले कार्यबिधिमा उल्लेख भएको समय भित्र भत्ता बितरण गर्नु पर्दछ ।	
७४.	**नाम नबिकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) मा हाल भत्ता प्राप्त गरिरहेका सबै प्रकारका लाभ ग्राहीहरुले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयमवधि भित्र वडा कार्यालयमा दरखास्त दिनु पर्ने यवस्था छ । यस	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम
	गाउपालिका कार्यालयले उक्त उल्लेखित व्यवस्था अनुसार दरखास्त लिई अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेको कारणले गाउँपालिकाले अनुमान गरेको अनुमानित बजेट एथार्थ हुन सकेको अवस्था देखिएन । अत कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ ।	
७५.	**बिवरण उल्लेख नभएको:** सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १३ मा लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख खडा गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने ब्यवस्था छ । यस गाउपालिका कार्यालयले आर्थिक बष २०७५।७६ मा बितरण गरेको सामाजिक सुरक्षा भता बितरण भरपाईमा केही लाभग्रहिहरुको जन्म मिति, नागरिकता नम्बर, र पचिय पत्र समेत उल्लेख गरेको देखिएन । यसरी भत्ता बितरण गर्दा वास्तबिक लाभग्राहीहरुले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अत गाउँपालिका कार्यालयलबाट बितरण गरिने सामाजिक सुरक्षा भत्ता बितरण भरपाई अनुसुची ५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरिकता नम्बर, र पचिय पत्र प्रविष्ट गरी बितरण गर्नु पर्दछ ।	
७६.	**पाउने भन्दा बढी भुक्तानी:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(ग) मा भत्ता पाउने ब्याक्तीले सोही आर्थिक बर्ष भित्र रकम बुझि सक्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले तपसिलका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता बितरण गर्दा गत बर्षको बांकी भनी भुक्तानी खर्च लेखेको रु.५६,०००।०० नियमसँगत नदेखिएकोले असुल गरी संघिय संचितकोषमा दाखिला गर्नु पर्ने देखिएको रु...	५६०००।००

वडा न.	नाम थर	किस्ता	पाउनु पर्ने रकम	पाएको रकम	असुल हुनु पर्ने रकम
२	मनिमाया राई	प्रथम	८०००।००	१६०००	८०००।००
	शहरा प्रधान	प्रथम	८०००।००	१६०००	८०००।००
	आश्धना राई	प्रथम	८०००।००	१६०००	८०००।००
	हस्तमान राई	प्रथम	८०००।००	१६०००	८०००।००
	चतुरमाया राई	प्रथम	८०००।००	१६०००	८०००।००
	दिलमाया राई	प्रथम	८०००।००	१६०००	८०००।००
	पदमकुमारी राई	प्रथम	८०००।००	१६०००	८०००।००
			जम्मा		५६०००।००

	झोलुंगे पुल कार्यक्रम	
७७.	**प्रगती प्रतिवेदन:** झोलुंगे पुल कार्य प्रत्यायोजन सम्झौता २.१ बमोजिम चौमासिक प्रगति प्रतिबेदन तयार गरी टी.बि.एस.यु. मा पठाउनु पर्ने ब्यवस्था गरेको छ । यस गाउँपालिकामा निमार्णाधिन अवस्थामा रहेका तगादो झोलुगे पुल निर्माण को लागी रु.६४५२७५।००खर्च लेखेकोमा उक्त कार्यको प्रगती प्रतिबेदन तयार गरेको देखिएन । अत कार्यालयले प्रतिबेदन पठाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
७८.	**बिपद ब्यवस्थापन:** बिपद ब्यवस्थापन कायको लागी भनी गाउपालिका कार्यालयले रु.१,४४,४७०।०० मा खरिद गरको जिन्सी समानहरु बडालाई हस्तान्तरण गरेको भनी उल्लेख गरेको जिन्सी खातामा देखिएता पनि कुन वडामा के कति मुल्य बराबरको समान पठाएको हो सो को अभिलेख देखिएन । अत कार्यालयले यी समानहरुका अभिलेख एकिन गरी प्रमाण पेश गर्नु पर्ने रु.	१४४४७०।००
७९.	**पुँजीगतबाट चालु खर्च**: एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजन भएको बजेट बाट चालु शिर्षकमा खर्च गर्न नपाइने उल्लेख छ । गाँउपालीकाको कार्यालयले यो वर्ष सभाबाट पुजीगत शिर्षकमा पारित गरेको रु.५८०२५३१.०० देहायको चालु प्रकृतिका कार्यमा खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरि वजेट खर्च लेख्नु पर्ने देखिन्छ । यस सम्बन्धमा केहि उदाहरण तपशिल बमोजिम रहेका छन् :	

सि.न	कार्यक्रमको नाम	खर्च रकम
१	सार्वजनिक सुनुवाई	११५०००
२	जनता सग प्रहरी कार्यक्रम	६००००
३	वन तथा वातावरण कार्यक्रम	४८९९०

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजु रकम

४	कार्यक्रम खर्च	३२५०००
५	सचेतना कार्यक्रम वन तथा वातावरण	६०२००
६	कार्यक्रम खर्च	७८७००
७	महिला विकास कार्यक्रम	२७५५००
८	कार्यक्रम खर्च खेलकुद वडा नं ४	५००००
९	कक्षा ८ परिक्षा सञ्चालन खर्च र स्रोत केन्द्र व्यवस्थापन खर्च	२८९०२५
१०	कार्यक्रम खर्च खेलकुद वडा नं १	२०००००

८०. **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आफ्नै कार्यालय भवन नरहेको, आन्तरिक लेखापरीक्षण नगरेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू फछ्र्यौटको कार्यतालिका नबनाएको, खरिद कार्यमा पूर्ण रुपमा लागत अनुमान तयार गर्ने नगरेको, जिन्सी सामानको मर्मत तथा लिलामीको कारबाही नगरेको लगायतका व्यहोरा देखिन आएकोले सोमा सुधार गरी वित्तीय जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ । गाँउपालिकाको समग्र वित्तीय जवाफदेहिता पालनाको स्तर ग्रेड बी (B) रहेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

८१. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

गत वर्षको वेरुजू रकम (रु) (A)	यो वर्ष फछ्र्यौट (B)	वाँकी (C=A-B)
११९७१०००.००	५९४७८०.००	११३७६२२०.००

८२. **अद्यावधिक वेरुजू स्थिति :** गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C)	यो वर्षको सं.पं बाट कायम वेरुजू (रु) (D)	यो वर्षको कायम वेरुजू (रु) (E)	बाँकी (F=D+E)
११३७६२२०.००	०	३०३९८१६.२९	१४,४१६,०३६.२९

उल्लेखित ऐन वमोजिम फछ्र्यौट गर्न वाँकी सम्पूर्ण वेरुजू रकम असुल फछ्र्यौट गरिनुपर्दछ ।

८३. **सम्परीक्षण :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा लेखा परीक्षण हुंदा औंल्याइएका बेरुजुको सूचना पाएको ३५ दिन भित्र तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी मा सम्परीक्षणको लागि रु.२६,८१,९८१.०२ को अनुरोध भई आएकोमा रु.५,९४,७८०।०० व्यहोरा मनासिब देखिएकोले सम्परीक्षण गरिएको छ ।

सि. न	ब.उ.शि.नं	बेरुजु दफा न	आ.व	स.पं ब्यहोरा	स.पं. भएको रकम
१	वि.स. चालु	१२	२०७४।७५	देहायका पदाधिकारीहरुको नाममा रहेको बेरुजु को सम्बन्धमा आवश्यक प्रमाण पेश भए बमोजिम फछ्र्यौट	१०१८००
				मणि कुमार राई रु.९५००।००	
				मोहन समशेर राई रु.२२५००।००	
				प्रताप सिंह तामाङ रु.४३३००।००	
				आलक्ष कुमार राई रु.८६५०।००	
				देवेन्द्र राई रु.९४५०।००	
				ईश्वर राई रु.८४००।००	
२	वि.स. चालु	१६	२०७४।७५	प्रदेश नं. १ गाउँ तथा नगरसभा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ बमोजिमनै भुक्तानी भएकोले फछ्र्यौट	१४५०००
३	वि.स. पुँजीगत	१९.१	२०७४।७५	आवश्यक प्रमाण पेश भए बमोजिम फछ्र्यौट	८४०००
४	वि.स. पुँजीगत	२३	२०७४।७५	संघिय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश भएबमोजिम फछ्र्यौट	१२४८३५
५	वि.स. पुँजीगत	२८	२०७४।७५	खर्च भएको विल भर्पाई पेश भएबमोजिम फछ्र्यौट	१३९१४५
				कुल जम्मा	५९४७८०

अनुसूची - १

सिलिचोङ गाँउपालिका
बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७५।०७६

(रु.हजारमा)

सि.नं	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिमेवार नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	संखुवासभा	सिलिचोङ गाँउपालिकाको कार्यालय	७५	१५	३०४०	०	०	०	७५	१५	३०४०	१२६	१००१	१९१३	०	०	३०४०	०	०	०

अनुसूची - २

स्थानीय तह संचित कोष विवरण
आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	आय					व्यय				
			गतवर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात बाँकी
			१	२	३	४	५=(२+३+४)	६	७	८	९=(६+७+८)	१०=(१+५-९)
१	सिलिचोङ गाँउपालिकाको कार्यालय	संखुवासभा	१४६९२	९२७१५	१५२७०६	७७४२	२५३१६३	१३०३३६	१०३३८१	७९५	२३४५१२	३३३४३

अनुसूची- ३

अद्यावधिक बेरुजू स्थिति
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.बाट कायम भएको बैरुजू	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजू
१	सिलिचोङ गाँउपालिकाको कार्यालय	संखुवासभा	११९७१	५९५	११३७६	०	३०४०	१४४१६